# पूर्वाधार र ऊर्जा बजेटको प्राथमिकता

कान्तिपुर संवाददाता

काठमाडौं, जेष्ठ २८ -

अर्थमन्त्री शंकर कोइरालाले पूर्वाधार र ऊर्जा क्षेत्रलाई आगामी आर्थिक वर्षको बजेटमा उच्च प्राथमिकता दिइने बताएका छन् । इन्डिपेन्डेन्ट विजनेस न्यूज -आईबीएन) ले मंगलबार आयोजना गरेको बजेटसम्बन्धी छलफलमा उनले औद्योगीकरणको सुरुवात ऊर्जाबाट मात्र सम्भव रहेको उल्लेख गर्दै प्राथमिकता दिइने बताए । नयाँ सिमेन्ट उद्योगलाई ऊर्जा र बाटोको सुविधा दिएपछि मुलुक सिमेन्ट उत्पादनमा आत्मनिर्भरोन्मुख भएर १ खर्बभन्दा बढी लगानी भित्रिएको बताउँदै मन्त्री कोइरालाले आर्थिक, सामाजिक र भौतिक निर्माण आफ्नो मूल लक्ष्य भएको बताए । त्यस अवसरमा अर्थ मन्त्रालयका राजस्व महाशाखा प्रमुख राजन खनालले आयात प्रतिस्थापन गर्न कृषिमा व्यावसायीकरण आवश्यक भएको बताए । साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भारोन्मेन्टका -सावति) का निर्देशक रत्नाकर अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै बजेटले आयात प्रतिस्थापनमा जोड दिनुपर्ने बताए । यस्तै अतिकम विकसित देश -एलडीसी) बाट २०२० सम्म मुक्त हुनका लागि पूर्वाधार, मानव संशासन र प्रविधिको विकास गर्नुपर्नेमा उनको जोड थियो । 'निजी क्षेत्र र सरकारबीच राष्ट्रिय विकासका लागि परिणाम उन्मुख साझेदारी हुनुपर्‍यो,' उनले भने । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष कुशकुमार जोशीले पनि पूर्वाधारबिना आर्थिक वृद्धि सम्भव नभएको बताएका थिए । महासंघका राजस्व परामर्श समिति सदस्य जगदीश राठीले चन्दा आतंकले औद्योगिक क्षेत्र आक्रान्त रहेको धारणा राखेका थिए । उनले राजस्वको दायरा फराकिलो बनाइनुपर्नेमा जोड दिए । 'आयातमुखी राजस्व व्यवस्था भएन । अनुत्पादक क्षेत्रको आयातलाई घटाउनैपर्छ,' उनले भने । आईबीएनका प्रबन्ध निर्देशक हृदयराज गौतमले बजेटमा निजी क्षेत्रका मुद्दालाई प्राथमिकता दिनुपर्ने बताए ।